नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २९८ २०८२ साल असार २० गते शुक्रबार (4 July 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : मनसुनजन्य विपद् : विगतमा के... ३ पृष्ठमा : विश्वकै ठूलो शालिग्राम शिला ... ३ पृष्ठमा विवादित काश्मीर ...

## एसइईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सुरुङ्गा नगरपालिकाद्वारा नगदसहित पुरस्कृत




**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

सप्तरीको सुरुङ्गा नगरपालिकाले माध्यमिक शिक्षा परीक्षा (एसइईमा) मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कार प्रदान गरेको छ ।

नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुबाट एसइईमा 'ए प्लस' ग्रेड ल्याउने विद्यार्थीहरुलाई पुरस्कार सहित सम्मान गरिएको हो ।

सुरुङ्गामा सर्वाधिक ४ जिपिए ल्याउने जनता मावि शिशुवारीका छात्रा कृतिका थापा मगरलाई एक लाख रुपैयाँ पुरस्कार सहित सम्मान गरिएको छ ।

यस्तै सोही विद्यालयका प्रतिमा मगर ३ दशमलव ८३, अपन कार्की ३ दशमलव ८२, उदितनारायण महतो ३ दशमलव ७२, जनता मावि कुशहाका चिरञ्जिवी चौधरी ३ दशमलव ७९, मावि टिकुलियाका मिथिलेश कुमार यादव ३ दशमलव ७०, मावि भेडियाका कृपा राउत ३ दशमलव ७० जिपिए ल्याएका छन् ।

उनीहरुलाई प्रोत्साहन स्वरुप जनही १५ हजार रुपैयाँको दरले पुरस्कार सहित सम्मान गरिएको नगर प्रमुख गीता चौधरीले जानकारी दिइन् ।

सामुदायिक विद्यालयका विद्यार्थीलाई प्रोत्साहन गर्न नगरपालिकाले बुधवार कार्यक्रमको आयोजना गरी बालबालिका संरक्षण तथा शैक्षिक कार्यक्रम अन्तर्गत माध्यमिक शिक्षा परीक्षा एसइईमा २०८१ मा सर्वोत्तम उपलब्धि स्तर प्राप्त गरेका विद्यार्थीहरुलाई पुरस्कार तथा अभिभावकलाई सम्मान गरिएको नगर प्रमुख चौधरीले जानकारी दिइन् ।

सुरुङ्गा नगरपालिकाबाट ५ सय ७८ जना एसइई परीक्षामा सहभागी भएका थिए । त्यस मध्ये २ सय ५२ जना ग्रेडिङ्गमा उत्तीर्ण भएको छ । एसइईमा ४५ दशमलव २१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको नगरपालिकाले जनाएको छ ।

सप्तरीबाट ३५ दशमलव

*बाँकी अन्तिम पृष्ठमा*

## हात्तीको आक्रमणबाट मृत्यु

**दैनिक समाचारदाता**
**झापा, १९ असार ।**

झापाको बिर्तामोड ७ फक्तालुङमा हात्तीको आक्रमणबाट एक जनाको ज्यान गएको छ ।

जिल्ला प्रहरी कार्यालयका नायब प्रहरी उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार बिहीबार बिहान शौचालय जान घरको आँगनमा निस्केका ५९ वर्षीय लोकप्रसाद लिम्बूलाई हात्तिले आक्रमण गरेको थियो ।

हात्तिको आक्रमणमा परि गम्भिर घाइते भएका लिम्बुको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

## करेन्ट लागेर एकजनाको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, १९ असार ।**

रौतहटमा बिहीबार बिहान करेन्ट लागेर एकजनाको मृत्यु भएको छ । फतुवा बिजयपुर २ शितलपुरका ३० वर्षीय रोहित साह सोनारको करेन्ट लागेर मृत्यु भएको हो ।

खेतमा मोटरबाट पानी हाल्ने क्रममा करेन्ट लागी गम्भीर घाइते भएका सोनारको उपचारका क्रममा प्रादेशिक अस्पताल कलैया बारामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दिपककुमार रायले जानकारी दिए ।

उनका अनुसार मृतकको शव प्रादेशिक अस्पतालमा पोष्टमार्टमका लागि राखिएको छ ।

## मानव बेचबिखनसम्बन्धी ऐन कार्यान्वनको अवस्थाबारे अध्ययन गरिने

काठमाडौं, १९ असार (रासस) ।

प्रतिनिधिसभाअन्तर्गत महिला तथा सामाजिक समितिले सङ्गठित अपराधको रूपमा 'मानव बेचबिखन तथा ओसारपसार(नियन्त्रण) ऐन, २०६४' को कार्यान्वयन अवस्थाबारे अध्ययन गर्ने भएको छ ।

समितिको बिहीबार बसेको बैठकले बेचबिखनको उच्च जोखिममा रहेका तथा बेचबिखन तथा ओसारपसारमा परेका पीडितको न्यायमा पहुँचको सुनिश्चितता गर्ने उद्देश्यले सो कानुनको कार्यान्वनको अवस्थाबारे अध्ययन गरिने समितिका सभापति किरणकुमार शाहले जानकारी दिनुभयो ।

*बाँकी अन्तिम पृष्ठमा*

## लाखौं मुल्य बराबरको भन्सार छलेका सामानहरु बरामद




**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट भन्सार छलेर भारतबाट ल्याउँदै गरेको लाखौं मुल्य बराबरको कपडा तथा अन्य सामाग्रिहरु बरामद गरेको छ ।

जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका ५ कुशहा चौकस्थितमा प्रहरी गस्ती टोलीले भारतबाट अवैध रुपमा भन्सार छली तथा चोरी पैठारी गरी अटोमा ल्याउँदै गरेको ५ लाख १७ हजार ९ मुल्य बराबरको कपडा बरामद गरेको हो ।

प्रहरीका अनुसार मधेस प्रदेश ०१-००१ह.१४१९ नम्बरको अटोमा लोड गरी सुतीको साडी, लेडिक कुर्ता सुरुवाल लगायतका सामानहरु ल्याउँदै गर्दा प्रहरीहरुलाई देख्ने बित्तिकै मानिसहरु फरार भएको जनाएको छ ।

यस्तै प्रहरीले जिल्लाकै बोदेबर्साईन नगरपालिका १० खडकपुर नजिकै हनुमान मन्दिरस्थित भारतबाट अवैध रुपमा भन्सार छलि भारतीय नम्बरको मोटरसाइकलमा बोराहरु लोड गरी ल्याउदै गरेको दुध र तेल प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय राजबिराज सप्तरीबाट खटिएको प्रहरी गस्ती टोलीलाई देख्नै बित्तिकै मोटरसाइकलसहित करिब ४८ हजार मुल्य बराबरको सामान छोडी मानिसहरु फरार भएका थिए ।

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

### दिर्घकालिन योजना बनाउ

अहिले धान रोपाईको समय हो । तर वर्षा नभएपनि जसोतसो धान रोपिएको छ । पर्याप्त वर्षा नहुँदा अहिले किसानहरु निकै चिन्तित देखिन्छन् । यी सबै जलवायु परिवर्तनका कारण भइरहेकोमा दुई मत नहोला । जलवायु परिवर्तनले कृषि क्षेत्रमा निकै असर परिरहेको छ । धान रोपाई अधिकांश आकाशे पानी कै भरमा हुने गरेको छ । यसपटक वर्षा थोरै भएपछि किसानहरु सिचाईको माध्यमबाट जसोतसो रोपाई गरिरहेका छन् ।

चिसोका समयमा गर्मी, गर्मीको समयमा चिसो, अनुचित समयमा बर्षा र बर्षाको मौसममा बर्षा नै नहुने हुँदै आएको छ । मौसमको बैमौसमी आवतजावतले हरेक क्षेत्र प्रभावित भइरहेको छ । नेपाल जैविक विविधताले भरिएको देश हो भनेर भनिन्छ । यो मुलुक कृषिप्रधान देश हो भनिएपनि यसतर्फ सरकार तथा अन्य सरोकारबालाले खासै ध्यान दिएको देखिन्न । कृषिविधिले पनि यतातर्फ ध्यान पुऱ्याउनु पर्ने हो । अब पृथ्वीलाई तात्नबाट रोक्नमा नेपालले गर्नसक्ने योगदान भनेको जंगल फडानी रोक्नु र डाँडामा वृक्षरोपण गर्ने मात्र हो । यो भन्दा बढी हामीले चाहेर पनि गर्नसक्ने अवस्था छैन ।

तसर्थ संघ, प्रदेश तथा स्थानिय सरकारले सिचाईका लागि दिर्घकालिन योजना बनाएर जलवायु परिवर्तन बारे गम्भिर हुनु उत्तिकै आवश्यक छ ।

# मनसुनजन्य विपद् : विगतमा के भयो, के सिकियो ?

**प्रगति ढकाल**

काठमाडौँ, १९ असारघ ( रासस) ।

नेपालमा विगत १० वर्षको अवधिमा मनसुनजन्य विपद्का घटनाहरू तीव्र रूपमा बढेका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिरकणको तथ्याङ्कअनुसार २०७२ सालदेखि २०८१ सम्म मनसुनजन्य विपद्का घटनामा परी दुई हजार ३१७ जनाले ज्यान गुमाएका छन् ।

यस अवधिमा मनसुनसँग सम्बन्धित बाढी, डुबान, भूक्षय, भारी वर्षा, चट्याङ र आकस्मिक बाढीका कारण आठ हजार ४१८ विपद्का घटना भएका छन् । ती घटनाबाट ५६ हजार ७०५ परिवार प्रभावित भएका छन् । यसैगरी, ३६ हजार ४७९ घर, १९५ पुल र एक हजार ३४६ गोठमा क्षति पुगेको छ ।

विसं २०८१ को मनसुनजन्य विपद्को घटनाबाट ४९५ ले ज्यान गुमाएका छन् । त्यस वर्ष पहिरोमा परी ३४४, बाढीका कारण ९१, भारी वर्षाका कारण आठ र चट्याङका कारण ५२ जनाले ज्यान गुमाएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । सो वर्षको बाढीका कारण १८ र पहिरोका कारण ४८ जना अझै बेपत्ता छन् ।

**मृत्युदरमा पहिरोको प्रभाव बढी**

तथ्याङ्क विश्लेषण गर्दा पहिरोको कारण मानवीय क्षति बढी देखिएको छ । १० वर्षको अवधिमा पहिरोका कारण एक हजार २९६ जनाको ज्यान गएको छ । यस्तै, बाढीले ५३९ र चट्याङले ३८५ जनाको ज्यान लिएको छ ।

सो अवधिमा दुई हजार ६४९ जना घाइते भएका छन्भने ४१९ जना बेपत्ता छन् । सबैभन्दा बढी घोइते पनि पहिरोकै कारण भएको तथ्याङ्क छ । यस अवधिमा तीन हजार ५३२ पहिरोका घटना भएका छन्, जसबाट एक हजार १३६ घाइते र १७ हजार २३६ परिवार प्रभावित भएका छन् ।

भू-गर्भविद् डा सुबोध ढकालले बाढी पूर्वानुमान प्रणालीमा सुधार भए पनि पहिरोको पूर्वानुमान अझै चुनौतीपूर्ण रहेकाले यसबाट हुने मानवीय क्षति बढी भएको बताउनुभएको छ । "पहिला बाढीका कारण धेरै मानिसको ज्यान जान्थ्यो, तर अहिले पूर्वानुमान प्रणालीको सुधारले जनधनको क्षति घटेको छ", उहाँले भन्नुभयो, "तर पहिरोका विषयमा पूर्वसूचना प्रणालीको विकास भएको छैन । अझै पनि पहिरो पूर्वानुमान गर्न गाह्रो छ ।"

डा ढकालका अनुसार पहाडका धेरै बस्ती पुराना पहिरो गएका जमिन क्षेत्रमै बसेकाले पनि जोखिम बढिरहेको छ । त्यस्ता ठाउँमा फेरि पहिरो जाने सम्भावना उच्च हुने गरेको उहाँको भनाइ छ । यस्तै, सडक तथा अन्य पूर्वाधार निर्माणका क्रममा वैज्ञानिक विधि नअपनाउँदा पनि जोखिम थप बढिरहेको ढकालले बताउनुभयो । "सडक खन्ने बेलामा संवेदनशील ठाउँ पहिचान नगरेरै निर्माण गरेको पाइन्छ । प्रविधिको उचित प्रयोग नगर्ने चलन कायमै छ । यस्तै, जहाँ जमिन छ, त्यहीँ घर बनाउने प्रवृत्ति छ । त्यो ठाउँ पहिरोको जोखिममा पर्छ कि पर्दैन भन्ने विश्लेषण नभई घरहरू बनिरहेका छन्", उहाँ भन्नुहुन्छ,"त्यसैले भू-उपयोग नीति वैज्ञानिक र व्यवस्थित हुनुपर्छ । प्राकृतिक प्रकोप न्यूनीकरणका लागि दीर्घकालीन सोच, वैज्ञानिक योजना र प्रविधिको उचित प्रयोग, पहिरोको पूर्वसूचना प्रणालीको विकास अपरिहार्य छ ।"

**यस वर्ष पनि बढी वर्षा**

मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिसकेको छ । विभागका महानिर्देशक कमलराम जोशीले मनसुनको चार महिनाको अवधिमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको भन्दै विशेष सतर्कता अपनाउन आवश्यक रहेको बताउनुभयो । "यस मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना छ । कर्णाली प्रदेशको पूर्वी भू-भाग, लुम्बिनीको उत्तरी भू-भाग र गण्डकीका अधिकांश भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ", उहाँले भन्नुभयो, "सुदूरपश्चिम प्रदेशको दक्षिणी भू-भाग, लुम्बिनीको पश्चिमी भू-भाग, गण्डकीको उत्तर-पूर्वी भू-भाग, बागमती र कोशी प्रदेशको उत्तरी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ ।"

यसैगरी, मधेश प्रदेशका पूर्वी तथा दक्षिणी भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छभने देशका बाँकी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको जोशीले सुनाउनुभयो ।

**यसपटक बिस लाख प्रभावित हुने**

यस वर्ष मनसुनजन्य विपद्का कारण करिब २० लाख मानिस प्रभावित हुने आकलन गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ ले यस्तो आकलन गरेको हो ।

प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले यस वर्ष मनसनुजन्य विपद्बाट देशभर करिब चार लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जनसङ्ख्या प्रभावित हुने आकलन गरिएको बताउनुभयो । त्यसलाई मध्यनजर गरी आवश्यक पूर्वतयारी गरिएको पनि उहाँले जानकारी दिनुभयो । "यसपटक मनसुनबाट २० लाख मानिस प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित हुने अनुमान गरिएकामा दुई लाख मानिसचाहिँ प्रत्यक्ष प्रभावित हुनसक्ने अनुमान छ । जसलाई कुनै न कुनै रूपमा राहत व्यवस्थापन गर्नुपर्छ भनेर तयारी गरिरहेका छौँ", उहाँले भन्नुभयो, "स्थानीय तहमा स्वयंसेवकलाई तालिम दिइरहेका छौँ । सुरक्षा निकायसँग समन्वय गरी तयारी अवस्थामा राखेका छौँ । स्थानीय तहलाई विभिन्न तालिम दिएर बलियो बनाएका छौँ । नेपाल यातायात व्यवसायी महासङ्घसँग समन्वय गरेर विपद्को समयमा सवारीसाधन रोक्न अनुरोध गरेका छौँ ।"

**सूचना व्यवस्थापनमा जोड**

जल तथा मौसम विज्ञान विभागका बाढीविद् विनोद पराजुलीले मनसुन अवधिभर 'मौसम कक्ष' २४ घण्टा सक्रिय हुने तथा बाढी र डुबानबारे पूर्वसूचना एसएमएस, टेलिफोन र भ्वाइस म्यासेज प्रणालीमार्फत सार्वजनिक गरिने बताउनुभयो । नागरिकले '११५५' नम्बरबाट सिधा सूचना पाउने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो ।

**यस्ता छन् अन्य तयारी**

प्राधिकरणका अनुसार स्थानीय तहलाई नदी, खोलानाला सफा गर्न, ढल प्रणाली खुला राख्न, पहिरो सम्भावित क्षेत्रमा चेतावनी दिन, सुरक्षित स्थलमा अस्थायी आश्रय बनाउने कार्य प्राथमिकतामा राख्न भनिएको र सबै स्थानीय तहमा उद्धार टोली तयार पारिएको छ । नेपाली सेनाले विभिन्न हेलिकप्टर बेसहरूमा पूर्वतयारीसहित 'रेस्क्यु' टोली तैनाथ गर्ने र विपद् प्रतिकार्यमा हवाई उद्धारका लागि निजी हेलिकप्टर प्रयोग सम्बन्धमा वायुसेवा सञ्चालक सङ्घ र प्राधिकरणबीच समझदारीपत्रमा हस्तान्तरणसमेत भइसकेको छ ।

"विगतमा विपद् व्यवस्थापनमा भएका राम्रा र नराम्रा पक्षको विश्लेषणगरी आवश्यक पाठ सिकेका छौँ । कहाँ राम्रो भयो ? कहाँ चुक्यौँ ? के गर्दा थप राम्रो हुनसक्थ्यो भनेर समीक्षा गरेका छौँ । त्यही आधारमा यस वर्ष प्रतिकार्य योजना बनाएका छौँ", प्राधिकरणका कार्यकारी प्रमुख भट्टले भन्नुभयो, "विगतका अनुभव र सिकाइका आधारमा यस वर्ष पूर्वतयारीमा जोड दिएका छौँ । त्यसैले विगतभन्दा हाम्रो योजना सफल र प्रभावकारी हुने विश्वास छ ।"

# संवैधानिक आयोगका ५२ पदाधिकारीविरुद्ध परेको रिट खारेज

काठमाडौँ, १९ असार (रासस) ।

सर्वोच्च अदालतले विभिन्न संवैधानिक आयोगका ५२ पदाधिकारीविरुद्ध दायर रिट निवेदन बहुमतले खारेज हुने फैसला सुनाएको छ । केहीबेर अघि भएको यस फैसलासँगै संवैधानिक आयोगका पदाधिकारीले पूर्ण कार्यकाल काम गर्न पाउने भएका छन् ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू मनोजकुमार शर्मा, डा कुमार चुडाल र डा नहकुल सुवेदीको संवैधानिक इजलासमा उक्त विवादको सुनुवाइ भएको थियो । उक्त इजलासमा भएका न्यायाधीशहरूमध्ये वरिष्ठतम् न्यायाधीश मल्ल, न्यायाधीशहरू शर्मा र डा चुडालले रिट खारेज हुने पक्षमा राय दिनुभएको छ ।

प्रधानन्यायाधीश राउत र डा सुवेदीले विसं २०७७ मङ्सिर ३० गतेको संवैधानिक परिषद्को सिफारिस र सो आधारमा भएको नियुक्ति संविधान र कानुनविपरीत भएको हुनाले उत्प्रेषणको आदेशले बदर हुने राय दिनुभएको छभने २०७८ वैशाख २६ गतेको दोस्रो नियुक्तिका हकमा रिट निवेदन खारेज हुने ठहर गर्नुभएको छ ।

अदालतले उक्त रिट निवेदनमाथि सुनुवाइ सकिएर गत जेठ २८ गते फैसला सुनाउने भनिए पनि फेरि आजका लागि फैसला सुनाउने तय गरेको थियो । लामो छलफलपछि अदालतले बिहीबार मध्यरातमा रिट खारेज हुने फैसला गरेको छ । मध्यरातमा संवैधानिक इजलास बसेर प्रधानन्यायाधीश राउतले इजलासबाटै राय बाझी फैसला भएकाबारे जानकारी गराउनुभएको थियो ।

फैसलाको निर्णयपछि सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले बहुमत न्यायाधीशले रिट निवेदन खारेज हुने ठहर गरेको जानकारी दिनुभयो ।

सरकारले विसं २०७७ र २०७८ मा दुई चरणमा गरी अध्यादेशमार्फत विभिन्न संवैधानिक निकायमा ५२ पदाधिकारी नियुक्त गरेको थियो । अध्यादेशमार्फत संवैधानिक आयोगमा पदाधिकारी नियुक्ति गर्नु गैरकानुनी भएको उल्लेख गर्दै सर्वोच्चमा १५ वटा रिट निवेदन दर्ता भएका थिए ।

ती निवेदनमाथिको सुनुवाइ गत जेठ १ गते सकिएको थियो । जेठ २८ गते निर्णय सुनाउने भनिए पनि फेरि बिहीबारका लागि मिति तय गरिएको थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विश्वकै ठूलो शालिग्राम शिला एक महिनादेखि डुवानमा

पर्वत, १९ असार (रासस)।

पर्वत, स्याङ्जा र गुल्मी जिल्लाको सङ्गमस्थलमा रहेको विश्वकै ठूलो शालिग्राम शिला विगत एक महिनायता डुवानमा परेको छ।

मनसुन सुरु भएसँगै कालीगण्डकी नदीको सतह बढेका कारण शालिग्राम शिला डुवानमा पर्नुका साथै आसपासका संरचनासमेत भत्किएर जोखिममा परेको छ। शिलामा जाने बाटो, नजिकै रहेको सत्तल र परिक्रमास्थल डुविसकेको शालिग्राम विद्याश्रमका संरक्षक कुलराज तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार जेठ अन्तिम सातादेखिनै शालिग्राम शिला डुवानमा परेको हो।

यतिबेला नियमित वर्षा भएकाले कालीगण्डकीमा पानीको सतह ह्वात्तै बढेको छ। शिला डुवानमा परेसँगै उक्त क्षेत्रमा कार्यरत पुजारी तथा पण्डितहरूसमेत विस्थापित बनेका छन् भने नियमित पूजापाठ र दर्शन गर्न आउने भक्तजनसमेत शालिग्राम शिला दर्शन गर्नबाट बञ्चित बनेका छन्।

सेतीवेणीमा मिसिने सेतीखोलाको बाहब र कालीगण्डकी उच्च बहावले शिला परिक्रमास्थल समेत पूर्णरूपमा क्षत्विक्षत् बनेको स्थानीय तिलक परालुलीले बताउनुभयो। पवित्र शालिग्राम शिलासँगै शालिग्राम क्षेत्रका सत्तल लगायतका सबै संरचना डुवानमा परेका छन्।

शिला संरक्षणका लागि बनाएको तटबन्ध र ग्याबिन जालीसमेत पानीले पुरिएपछि शिलामा दर्शन गर्न जान रोक लगाइको छ। कालीगण्डएकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा पर्वत, स्याङ्जा र गुल्मी जिल्लाको सिमानामा पर्ने सेतीबेणीबजार डुबानको खतरामा पर्ने गरेको हो। कालीगण्डकी र सेतीखोलाको बहाब बढेसँगै सेतीबेणीबजार डुबानमा पर्ने चिन्ताले पर्वतमा पर्ने बजार क्षेत्र र स्याङ्जाको गल्याङ नगरपालिका-५ तर्फको बजार क्षेत्रका झण्डै दुई सय ब्यापारी तथा सर्वसाधरण त्रसित बनेका छन्।

गत वर्ष साउनमा आएको बाढी बजारसम्म पुगपछि एक घर भत्किनुका साथै आधा दर्जन घर विस्थापित बनेका थिए। कालीगण्डकी नदीलाई बहाब परिवर्तन नगरेसम्म जोखिम कायमै रहिरहने गल्याङ नगरपालिका-५ का अध्यक्ष घनश्याम भट्टराईले जानकारी दिनुभयो। उहाँका अनुसार गुल्मीतर्फवाट बहाव लगेर शालिग्राम शिलाको संरक्षण गर्नुपर्ने उहाँको माग रहेको छ।

शालिग्राम शिला अवस्थित स्थानको नजिकमा रहेको स्याङ्जाको गल्याङ नगरपालिका, पर्वतको विहादी गाउँपालिका र गुल्मीको कालीगण्डकी गाउँपालिकाले आवश्यक समन्वय गरेर सेतीवेणी क्षेत्रको संरक्षण गर्नुपर्ने विहादी गाउँपालिकाका अध्यक्ष परबीन गुरुङले जानकारी दिनुभयो।

# नेपालमा लगानी गर्न स्पेनका व्यवसायीलाई प्रधानमन्त्रीको आह्वान

**प्रकाश सिलवाल**

मेड्रिड (स्पेन), १९ असार (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा लगानी विस्तार गर्न स्पेनका उद्यमी र व्यवसायीलाई आह्वान गर्नुभएको छ।

स्पेनस्थित नेपाली दूतावास र स्पेन उद्योग वाणिज्य सङ्घले बुधबार आयोजना गरेको नेपाल-स्पेनका व्यवसायी र लगानीकर्तासँगको छलफल विषयक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले आफूहरु 'समृद्ध, नेपाल सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षाका साथ अगाडि बढेकाले यसका लागि बाहिरको लगानीकर्तालाई प्रोत्साहन दिइँदै आएको बताउनुभयो।

प्रधानमन्त्री ओलीले दुई देशबीच अर्थपूर्ण व्यावसायिक साझेदारी विस्तारका लागि यो छलफलले ऊर्जा दिएको बताउँदै विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको नेपाल र शान्तिको अग्रदूत एवं सांस्कृतिक इतिहास भएको मुलुकमा लगानी गर्ने उपयुक्त अवसर भएको चर्चा गर्नुभयो। "निजी क्षेत्र आर्थिक वृद्धिको इञ्जिन हो। अहिलेको सरकार लगानी वृद्धि र नवप्रवर्तनका लागि स्पष्ट छ। लगानी बोर्ड नेपालको अध्यक्षका हैसियतले म आग्रह गर्छु कि सरकारले लगानीकर्ताको सुरक्षा र सहजीकरणका लागि गर्नुपर्ने सबै काम गर्नेछ", उहाँले भन्नुभयो, "नेपालको पर्यटन, कृषि, सूचना प्रविधि र पूर्वाधारका क्षेत्रमा लगानीको प्रचुर सम्भावना छ। त्यसैले म यस्ता क्षेत्रहरुमा लगानीकर्तालाई हार्दिक स्वागत गर्दछु। लगानीको सम्भाव्यताको अध्ययनका लागि यहाँका व्यवसायीलाई नेपाल आउन आग्रह गर्दछु। म तपाईंहरुलाई लगानीकर्ता मात्रै होइन विकासको साझेदार पनि मान्छु।"

कार्यक्रममा नेपाल उद्योग, वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा पर्यटन, कृषि, सूचना प्रविधि आदिका क्षेत्रमा लगानीको राम्रो सम्भावना भएको बताउँदै सरकारले कानुनी र अन्य सहजीकरण गरेकाले उचित वातावरण रहेको जानकारी गराउनुभयो।

स्पेनका उद्योग, वाणिज्यसँग सम्बन्धित सरकारी र संस्थाका प्रतिनिधिहरुले आफूहरु दुई देशबीचको आर्थिक र व्यापारिक सम्बन्धलाई थप अभिवृद्धि गर्न तत्पर रहेको बताउनुभएको थियो।

कार्यक्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, खानेपानीमन्त्री प्रदीप यादव, परराष्ट्र मन्त्रालयका सचिव अमृतकुमार राई, अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव राजकुमार श्रेष्ठ, खानेपानी मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य बज्राचार्य, स्पेनका लागि नेपाली राजदूत शनील नेपाललगायत सहभागी हुनुहुन्थ्यो।

स्पेनको सेभिल्ला (सेभिया) मा भएको संयुक्त राष्ट्रसङ्घीय 'विकासका लागि वित्त'सम्बन्धी चौथो अन्तराराष्ट्रिय सम्मेलनका कार्यक्रममा भाग लिएर प्रधानमन्त्री ओली बुधबार मेड्रिड फर्कनुभएको हो।

# आगामी वर्ष दुई सय वटा झोलुङ्गे पुल बनाउने सहरी विकास मन्त्रालयको लक्ष्य

काठमाडौं, १९ असार (रासस)।

सहरी विकास मन्त्रालयले आगामी आर्थिक वर्षमा दुई सय वटा झोलुङ्गे पुल निर्माण गर्ने लक्ष्य लिएको छ। मन्त्रालयले बुधबार पत्रकार सम्मेलन गरी आगामी आर्थिक वर्ष २०८२/०८३ मा एक सय वटा झोलुङ्गे पुल मर्मत, ४० वटा नयाँ सडक पुल निर्माण र ३० वटा सडक पुल मर्मत गर्ने लक्ष्य लिइएको जनाएको हो।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद मैनालीले तीन तहका सरकारको समन्वय र सहकार्यबाट लक्षित झोलुङ्गे पुल निर्माण गरिने उल्लेख गर्नुभयो। उहाँका अनुसार, आगामी आव २४९ वटा सिँचाइ आयोजना सम्पन्न भएर तीन हजार ७०० हेक्टर जमिन सिञ्चित हुनेछ।

यस्तै, १०० किलोमिटर सडक निर्माण हुने र ३०० किलोमिटर सडक कालोपत्र गरिनुका साथै ६० वटा स्थानीय प्रशासकीय भवन निर्माण गर्ने लक्ष्य लिइएको छ।

मन्त्रालयले उपत्यकाका नदी, खोला करिडोरमा १० किलोमिटर सडक स्तरोन्नति गर्ने, उपत्यकाका विभिन्न २६ स्थानमा सार्वजनिक जग्गा संरक्षण तथा पार्क निर्माण गर्ने लक्ष्य लिएको छ।

उपत्यकाका चार स्थान ( जितपुर फेदी, डुकुछाप, इशान नयाँ सहर, ताथवी चलावुमा) जग्गा एकीकरणको भौतिक विकास योजना स्वीकृति भई जग्गा विकास कार्य सुरु गर्ने, सार्वजनिक जग्गा अतिक्रमण रोक्ने र अवैध संरचना हटाउने कार्यलाई प्राथमिकता दिने लक्ष्य लिइएको छ। उपत्यकाको व्यवस्थित सहरीकरणका लागि हरियाली प्रवर्द्धन, सचेतना, आकासे पानी सङ्कलन, वन तथा पोखरी संरक्षण गर्ने योजना समेटिएको छ।

सरकारले कीर्तिपुर क्रिकेट मैदानमा अन्तरराष्ट्रिय मापदण्डको स्टेडियमको दोस्रो चरणको निर्माण कार्य पनि छिट्टै सुरू भएको छ।

अतिविशिष्ट पदाधिकारीको आवास निर्माण कार्यअन्तर्गत सभामुख आवास निर्माण र प्रधानन्यायाधीश आवास निर्माण कार्य सुरू गर्ने योजना बनाइएको छ। भृकुटीमण्डपमा अन्तरराष्ट्रियस्तरको प्रदर्शनीस्थल तथा मनोरञ्जन पार्क निर्माण कार्य अघि बढाउने सरकारको लक्ष्य छ।

त्यस्तै, वाग्मती नदीमा सौन्दर्यकरणलाई निरन्तरता दिने, वाग्मती करिडोरको बल्खुदेखि गोकर्ण क्षेत्रसम्म सिसी क्यामेरा र स्ट्रिटलाइट जडान गरिने कार्ययोजना रहेको छ।

यसैबीच, सहरी विकास मन्त्रालयले चोभारको गल्छी कटान गर्ने हल्ला निराधार भएको स्पष्ट पारेको छ। अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका उपनिर्देशक उद्धव नेपालले गल्छी कटानबारे अनर्गल प्रचार भएको बताउनुभयो।

सरकारले सिंहदरबारमा निर्माणधीन सङ्घीय संसद् भवनको चाँडो निर्माण सक्नेगरी पूर्ण क्षमतामा काम अगाडि बढाएको छ। सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक मचाकाजी महर्जनले आगामी हिउँदे अधिवेशन सिंहदरबारबाटै सञ्चालन गर्नेगरी द्रुतगतिमा निर्माणको काम भइरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "निर्माणाधीन संसद् भवनको अहिले धमाधम भित्री साजसज्जाको काम भइरहेको छ। चालु आर्थिक वर्षमा भित्री फिनिसिङ, रङरोगन, मेकानिकल काम सम्पन्न गरिनेछ। आगामी हिउँदे अधिवेशनमा बैठक सञ्चालन गर्न मिल्नेगरी काम गरिरहेका छौँ।"

## विश्व समाचार

# विवादित काश्मीरमा हिन्दू तीर्थयात्रा सुरु

पहलगाम (भारत), १९ असार (रासस/एएफपी)।

हिन्दूहरूले बिहीबार विवादित भारतीय काश्मीरमा एक महिना लामो विशाल तीर्थयात्रा सुरु गरेका छन्। धेरै श्रद्धालुहरू अप्रिलको घातक आक्रमणले पाकिस्तानसँग द्वन्द्व निम्त्याएको ठाउँ नजिकैबाट यात्रा सुरु गरेका छन्।

गत वर्ष पहलगाम सहरको माथिको जङ्गलले घेरिएको हिमाली पहाडको गुफामा अवस्थित पवित्र बरफ स्तम्भको अमरनाथ तीर्थयात्रामा पाँच लाख भक्तजनले भाग लिएका थिए।

पहलगाम त्यो स्थल हो जहाँ २२ अप्रिलमा बन्दुकधारीहरूले २६ जना हिन्दू पर्यटकको हत्या गरेका थिए। नयाँदिल्लीले बन्दुकधारीहरूलाई पाकिस्तानको समर्थन रहेको बताएको थियो भने इस्लामाबादले उक्त दाबीलाई अस्वीकार गरेको थियो। बन्दुकधारीको उक्त आक्रमणले परस्पर कूटनीतिक उपायहरूको शृङ्खला सुरु गऱ्यो र यो चार दिनको द्वन्द्वमा परिणत भयो।

सन् १९९९ पछि आणविक-सशस्त्र यी दुई मुलुकले गरेको यो सबैभन्दा खराब गतिरोध थियो। मे १० को युद्धविरामअघि दुवै पक्षमा मिसाइल, ड्रोन र तोप आक्रमणमा ७० भन्दा बढी मानिस मारिएका थिए।

तर उत्तर प्रदेश राज्यबाट यात्रा गरेका तीर्थयात्री मुनेश्वर दास शास्त्रीले भन्नुभयो, "कुनै पनि प्रकारको डर छैन, हाम्रो सेनाले जतातत्तै पहरा दिइरहेको छ। कसैले पनि हामीतिर औंला उठाउन सक्दैन।"

भारतले यस कार्यक्रमका लागि सुरक्षा बढाएको छ। हिन्दू धर्मका संहारकर्ता देवता शिवलाई समर्पित उच्च उचाइको गुफामा पुग्ने कठिन यात्राको निरीक्षण गर्न उच्च प्रविधिको निगरानी उपकरणहरूसहित ४५ हजार सेना तैनाथ गरिएको छ।

"तीर्थयात्रीहरूलाई सुरक्षित र सहज बनाउन हामीसँग बहुस्तरीय र गहिरो सुरक्षा व्यवस्था छ", मुस्लिम बहुल क्षेत्रका प्रहरी प्रमुख भीके बर्डीले भन्नुभयो। पहलगाममा सैनिकहरूले टेन्ट गरिएको आधार शिविरलाई रेजर तारले घेरिएको किल्लामा परिणत गरेका छन्।

भर्खरै तैनाथ गरिएका सशस्त्र गाडीहरूमा वा बालुवाको बोराहरू पछाडिको बन्दुकको स्थितिबाट सेनाहरूले नजिकबाट अनुहार पहिचान क्यामेराहरूले सहयोग गरेका प्रयासमार्फत निगरानी राख्छन्।

जम्मू काश्मीरका भारतीय नियुक्त शीर्ष प्रशासक मनोज सिन्हाले भन्नुभयो, "मार्गका सबै मुख्य विन्दुमा उच्च गुणस्तरका निगरानी क्यामेराहरू स्थापना गरिएको छ।"

सबै तीर्थयात्रीहरू दर्ता भएका हुनुपर्छ र हिँड्न सुरु नगरेसम्म संरक्षित गाडीमा यात्रा गर्नुपर्छ। बाटोको जङ्गलमा लुकेका बङ्करहरू निर्माण गरिएका छन्, जहाँ दर्जनौं अस्थायी भान्साघरहरूले निःशुल्क खाना प्रदान गर्छन्।

इलेक्ट्रोनिक रेडियो कार्डहरूले तिनीहरूको स्थान सङ्केत गर्छन्। तीर्थयात्रीहरूलाई अन्तिम सजिलो मोटरेबल ट्र्याकबाट लगभग ३० किलोमिटर (१८ माइल) माथि तीन हजार नौ सय मिटर (१२ हजार आठ फिट) उचाइमा अवस्थित गुफामा पुग्न धेरै दिन लाग्न सक्छ।

"यहाँ जे पनि आक्रमण भयो, म डराएको छैन। म बाबा (बरफको संरचना) को एक झलक लिन आएको हुँ", भारतको उत्तर प्रदेश राज्यका २९ वर्षीय उज्ज्वल यादवले मन्दिरको पहिलो तीर्थयात्रा गर्दै भन्नुभयो, "यहाँ यस्तो सुरक्षा व्यवस्था छ कि कसैलाई चोट लाग्न सक्दैन।"

सिन्हाले 'जनताको विश्वास फर्किँदैछ' भन्नुभए पनि यस वर्ष तीर्थयात्री दर्ता १० प्रतिशतले घटेको स्वीकार गर्नुभयो। एक समय सामान्य, अल्पज्ञात अनुष्ठान, मुख्यतः स्थानीय केही हजार भक्तजनले मात्र सहभागिता देखाउँथे। यो तीर्थयात्रा सन् १९८९ मा सशस्त्र विद्रोह सुरु भएदेखि बढेको छ।

त्यसबेलादेखि भारत सरकारले अगस्ट ९ सम्म चल्ने यो वार्षिक कार्यक्रमलाई धेरै बढावा दिएको छ।

काश्मीरमा भारतको नियन्त्रणविरुद्ध लड्ने विद्रोहीहरूले तीर्थयात्रा लक्ष्य नभएको बताएका छन्। यद्यपि उनीहरूले यदि यो हिन्दू प्रभुत्व स्थापना गर्न प्रयोग गरियो भने कारबाही गर्ने चेतावनी दिएका छन्।

सन् २०१७ मा सन्दिग्ध विद्रोहीहरूले तीर्थयात्री बसमा आक्रमण गरी ११ जनाको ज्यान लिएका थिए। भारतको स्थायी रूपमा पाँच लाख सैनिक तैनाथ रहेको काश्मीरमा सुरक्षा बलले खोजी गरे तापनि अप्रिल २२ को हत्या गर्ने बन्दुकधारीहरू फरार छन्।

जुन २२ मा भारतको राष्ट्रिय अनुसन्धान एजेन्सीले पहलगाम क्षेत्रबाट दुई जनालाई पक्राउ गरेको बताएको थियो। उनीहरूले बन्दुकधारीहरूलाई 'खाना, आश्रय र रसद सहयोग प्रदान गरेको' बताएका थिए। भारतीय प्रहरीले तीन बन्दुकधारीका लागि वाञ्छित सूचना जारी गरेको छ। तीमध्ये दुईजना पाकिस्तानी नागरिक भएको उनीहरूले बताएका छन्।

# 'विश्वकै पहिलो' गहिरो समुद्रबाट खनिज निकाल्ने जापानको योजना

टोकियो, १९ असार (रासस/एएफपी)।

जापानले जनवरीदेखि समुद्रको फेदबाट दुर्लभ खनिजहरू निकाल्न प्रयास गर्ने सरकारी नवप्रवर्तन कार्यक्रमका निर्देशकले बिहीबार बताएका छन्। उनका अनुसार यो यस्तो प्रकारको सबैभन्दा गहिरो परीक्षण हुनेछ। नयाँ प्रविधिहरूका लागि महत्त्वपूर्ण स्रोतहरूमा चीनको प्रभुत्वमा चिन्ता बढ्दै गएकाले यस हप्ताको सुरुमा जापानले महत्त्वपूर्ण खनिजहरूको स्थिर आपूर्ति सुनिश्चित गर्न संयुक्त राज्य अमेरिका, भारत र अस्ट्रेलियासँग काम गर्ने वाचा गरेको थियो।

दुर्लभ मृत्तिका खनिजहरू पृथ्वीको क्रस्टबाट निकाल्न कठिन १७ वटा धातुहरू, विद्युतीय सवारी साधनदेखि हार्ड ड्राइभ, विन्ड टर्बाइन र मिसाइलसम्म सबै कुरामा प्रयोग हुन्छन्। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइएइए) का अनुसार चीनले दुर्लभ मृत्तिका खनन उत्पादनको लगभग दुई तिहाइ र विश्वव्यापी परिष्कृत उत्पादनको ९२ प्रतिशत हिस्सा ओगटेको छ। जापानको क्रस-मिनिस्टेरियल स्ट्रेटेजिक इनोभेसन प्रोमोसन प्रोग्रामका निर्देशक शोइची इशीले चिक्यु नामक जापानी गहिरो समुद्री वैज्ञानिक ड्रिलिङ डुङ्गाले जनवरीदेखि दुर्लभ मृत्तिका तत्वहरू भएको समुद्री सतहको तलछट पुनः प्राप्त गर्न 'परीक्षण यात्रा' सञ्चालन गर्ने बताउनुभयो।

# जगदम्बा स्टिलमा विस्फोट हुँदा एक घाइते

बारा, १९ असार (रासस)।
यहाँको जितपुरसिमरा उपमहानगरपालिका–२ मा अवस्थित जगदम्बा स्टिल्सको भट्टीमा विस्फोट भएको छ।
इलाका प्रहरी कार्यालय सिमराका अनुसार राति करिब ९:१५ बजे फलाम पगाल्ने क्रममा भट्टीमा अचानक विस्फोट भएको हो। घटनापछि नजिकै रहेको इलाका प्रहरी कार्यालय सिमराको टोली घटनास्थलमा खटिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता विजयराज पण्डितले जानकारी दिनुभयो।
विस्फोटको कारण र त्यसबाट भएको क्षतिको विवरण यकिन भइसकेको छैन। प्रहरी प्रवक्ता पण्डितले घटनास्थलको प्रारम्भिक अनुसन्धान भइरहेको बताउनुभयो।
उद्योग सञ्चालनमा रहेको समयमा विस्फोट भएको हुँदा सम्भावित मानवीय क्षतिको आशङ्का गरिए पनि एकजना मात्र घाइते भएको जानकारी प्राप्त भएको जनाइएको छ। घाइते हुनेमा भारत विहारको सीतामडी निवासी ३५ वर्षीय अजय बैठा रहेको इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक बेद जोशीले जानकारी दिनुभयो। उहाँका अनुसार अपरेटरको काम गर्दै आएका बैठाको दाहिने हातमा चोट लागेको छभने आगो नियन्त्रण आइसकेको छ।

# पत्रकार पाठकलाई २५ हजार धरौटीमा छाड्न आदेश

**दैनिक समाचारदाता काठमाडौं, १९ असार।**
जिल्ला अदालत काठमाडौंले पत्रकार दिलभूषण पाठकलाई २५ हजार धरौटीमा छाड्न आदेश दिएको छ।
न्यायाधीश खेमराज भट्टको इजलासले बिहीबार बयान र थुनछेक बहसपछि उनलाई धरौटीमा छाड्न आदेश दिएको हो।
विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन अन्तर्गतको कसुरमा उनी आज बिहान आफैं अदालतमा उपस्थित भएका थिए। साइबर ब्युरोको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले गत सोमबार उनी विरुद्ध मुद्दा दायर गरेको थियो।
साइबर ब्युरो ५९ नाममा परेको जाहेरीका आधारमा विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गतको कसुरमा एक लाख जरिवाना वा पाँच वर्ष कैद वा दुवै सजायको माग दाबी उनी विरुद्ध गरिएको छ।
निवेदकले आफ्नो तस्विरका साथमा 'हिल्टनमा जयवीर देउवा (कांग्रेस सभापति शेरबहादुर देउवा पुत्र) को पैसा' भन्ने शीर्षक राखी 'काठमाडौंस्थित पाँचतारे हिल्टन होटलमा शाहिल अग्रवाल र दीपक भट्टको लगानी रहेको छ, निज दीपक भट्टमार्फत जयवीर देउवा हिल्टन होटलमा जोडिएका छन्, उक्त बिजनेस क्यानडासम्म फैलिएको बताइन्छ' भन्ने सामग्री प्रकाशन गरी आफू विरुद्ध घृणा, द्वेष फैलाएर चरित्रहत्या गरेको भन्दै साइबर ब्युरोमा जाहेरी दिएका थिए।

# यसवर्ष करिब ६० हजार जना डेङ्गु रोगबाट सङ्क्रमित हुनसक्ने अनुमान

काठमाडौं, १९ असार (रासस)।
इपिडियमोलोजी तथा रोग नियन्त्रण महाशाखाले अबका चार महिना डेङ्गु सङ्क्रमणको सर्वाधिक जोखिमयुक्त समय भएकोले सतर्क रहन आग्रह गरेको छ। यसवर्ष करिब ६० हजार जना डेङ्गु रोगबाट सङ्क्रमित हुनसक्ने अनुमान महाशाखाको छ। महाशाखाद्वारा आयोजित अन्तर्क्रियामा विज्ञहरूले डेङ्गुबाट हुने मानवीय क्षति रोक्न लामखुट्टेको प्रजनन प्रणाली नष्ट गर्ने सर्वाधिक सरल र प्रभावकारी उपाय भएको बताए ।
कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्ण दाहालले डेङ्गु सार्ने प्रजातिको लामखुट्टे नष्ट गर्नका लागि चार महिना भन्दा बढी समय लामखुट्टेको लार्भा र फूल समेतलाई नष्ट गर्ने अभियान चलाउनुपर्ने जानकारी दिनुभयो। "फ्कुल, धुप वा लामखुट्टे भगाउने अन्य औषधिले घरभित्र काम गरे पनि घर वाहिर निस्किेको बेला भाइरसयुक्त लामखेट्टले टोकेर सारिदिन सक्छ। त्यसैले स्थानीय पालिकाहरूको समयन्वयमा त्यस्ता लामखुट्टेको फुलसहित सबै चक्र नष्ट गरिदिनुपछ", उहाँको भनाइ थियो।
यद्यपि नगर पालिकाको स्वास्थ्यसम्बन्धी कर्मचारीको धेरै थरी काम हुने हुँदा लगातार चार महिनासम्म नष्ट गर्ने काममा लागि रहन उनीहरूलाई अप्ठ्यारो भएको पनि उहाँले बताउनुभयो। महाशाखाले १७ जिल्लाका एक सय ४७ पालिकासँग डङ्गु रोगबारे सहकार्य गरिएको जानकारी पनि कार्यक्रममा दिइयो। "डेङ्गुरोगलाई स्वास्थ्य क्षेत्रको प्रयास मात्रै ले नियन्त्रण गर्न सकिदैन त्यसका लागि सबै निकायले हातेमालो गर्नु पर्छ", महाशाखा निर्देशक डा चन्द्रभाल भ्काले भन्नुभयो। कतिपय देशमा लामखुटे नियन्त्रण वातावरण मन्त्रालयले जिम्मा लिएर गरेको पनि देखिएको समेत उहाँले बताउनुभयो। शहरमा वर्षायाम सँगै जता तते खाडल, ससाना भाँडा र जथाभावि फालिएका टायर पानी जम्ने भएकोले डेंगुको जोखिम अनुमान गरे भन्दा बढने पनि निर्देशक भ्काले बताउनुभयो। उहाँले भन्नुभयो ,"त्यसबाहेक घर घरमा फिज र एसिको पानीले पनि लामखुटेलाई फुल पार्न र बच्चा हुर्कन सजिलो भएको छ।"
यसवर्ष सरकारले लामखुट्टे खोजी र नष्ट गर्ने कार्यका लागि आगामी आर्थिक वर्षका लागि रु १० करोड छुटचाएको जानकारी पनि कार्यक्रममा दिइयो। एडिस जातको सङ्क्रमित पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने यो रोग, सामान्यतया शितोष्ण र समशितोष्ण क्षेत्रमा फैलिने गरेको छ।
यद्यपि जलवायु परिवर्तनको प्रभावस्वरुप गएको दशकयता मुलुकका पहाडी भूभागमा समेत विस्तार भएको छ । डङ्गुका बिरामीलाई सो लामखुट्टेले टोकेमा उक्त लामखुट्टे सङ्क्रमित भई स्वस्थ व्यक्तिमा सार्न सक्छ। यो लामखुट्टेको आयु १ देखि ३ महिनासम्म हुन्छ।
डङ्गु रोग लाग्दा उच्च ज्वरो, कडा खालको टाउको दुखाइ हुने, आँखाको गेडी पछाडि दुख्ने र मांसपेसीको समेत दुखाइ अत्यन्त पीडादायी हुन्छ। साथै केहीलाई वाकवाक लाग्ने र वान्ता हुने समेत हुन्छ। सरकारले डेङ्गुसँगै कोभिड र हैजाको जोखिम नफैलियोस भनेर विशेष तयारी गरेको जानकारी पनि उहाँले दिनुभयो।

## *एसईईमा उत्कृष्ट ...*

३९ प्रतिशत विद्यार्थी मात्र ग्रेडिङमा परेका छन्। वि.सं. २०८१ चैतमा लिइएको एसइईमा परीक्षामा जिल्लाबाट ९२ सामुदायिक विद्यालय ५२ संस्थागत विद्यालय गरी एक सय ४४ विद्यालयका ८ हजार चार सय ४४ जना सहभागी भएका थिए। त्यसमध्ये २ हजार आठ सय ६९ विद्यार्थी विभिन्न ग्रेड ल्याएर उत्तीर्ण भएका छन् भने ५ हजार दुई सय ३८ जना विद्यार्थी कुनै पनि ग्रेड ल्याउन सकेनन्।
जिल्लाबाट ३ दशमलव ६० देखि ४ जिपिए २७४ जना, ३ दशमलव २० देखि ३ दशमलव ६० जिपिए ७ सय ६९ जना, २ दशमलव ८० देखि ३ दशमलव ८० जिपिए १ हजार १ सय ५७ जना, २ दशमलव ४० देखि २ दशमलव ८० जिपिए ६ सय ४३ जना र २ देखि २ दशमलव ४० देखि ४ जिपिए २६ जनाले प्राप्त गरेको शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीका प्रमुख शशी यादवले बताए।

## *मानव बेचबिखन ...*

उहाँले भन्नुभयो, "समितिको बिहीबारको बैठकले सङ्गठित अपराधको रूपमा विश्वभर फैलिएको मानव वेचबिखनबाट प्रभावित व्यक्तिको आत्मसम्मान, स्वतन्त्रता र मौलिक हकको संरक्षण गर्न, स्वदेश तथा विदेशमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी आरोप लागेका व्यक्तिलाई कानुनको दायरामा ल्याउन यो ऐन निर्माण गरिएकाले यसको कार्यान्वयनको अवस्थाबारे अध्ययन गर्ने निर्णय गरेको छ।"
समितिले ऐनको स्थिति, त्यसको असर, प्रभावलगायत विषयका आधारमा ऐन कार्यान्वयनको मापन गर्ने जनाएको छ।

## *लाखौं मुल्य ...*

यसैगरि जिल्लाको विष्णुपर गाउँपालिका ५ विष्णुपुर चौकस्थित खटेको गस्ती प्रहरी टोलीले विभिन्न कपडाहरु बरामद गरेको छ। भारतबाट अवैध रुपमा भन्सार छलि तथा चोरी पैठारी गरी ल्याउदै गरेको अवस्थामा प्रहरीहरुलाई देख्ने बित्तिकै बोराहरु सोही स्थानमा छाडी मानिस फरार भएको जनाइएको छ। बरामद गरिएका सामानहरु ४५ हजार ७ सय मुल्य बराबरको रहेको प्रहरीले जनाएको छ।
तीनै स्थानबाट बरामद गरिएका सामान तथा मोटरसाइकल र टेम्पु प्रहरीले नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागि राजविराज भन्सार कार्यालयमा बुझाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, सप्तरी, राजबिराज

मिति :-२०८२/०३/१२

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. २७ पराउ राउत सोनाईको नाममा कायम रहेका साविक प्रगन्ना राय झमुना मौजे बेल्हा बरेटा सा.कि.नं. ७८ को ज.वि. ०-८-१३ मध्ये ०-२-२ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा-दर्ता नामसारी समेत गरी पाऊँ भनी जिल्ला सप्तरी गा.वि.स. मानराजा वडा नं.७ हाल बोदेवर्साईन न.पा. वडा नं. ७ बस्ने पराउ राउतको नाति सोनाई राउतको छोरा नथुनि यादवको यस कार्यालयमा द.नं. २०७० मिति २०८१/०४/३० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०३/१२ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ७८ | पराउ राउत सोनाई | मानराजा | ८ | १६३ | ०-१४-९.५ मध्ये पश्चिम उत्तर तर्फबाट ०-२-२ | नथुनि यादव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महलमा पधरीको डिल रहेको, किसानको व्यहोरा महल खाली, कैफियत महल खाली रहेको। |

२०८२/०३/१२
प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद खरेल
प्रमुख मालपोत अधिकृत



सुरक्षित घर निर्माण गरौं

घर निर्माण गर्दा-
- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं।
- गुणस्तरीय सामग्री प्रयोग गरौं।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं।
- नियमित मर्मतसम्भार गरौं।
- निर्माण अघि स्वीकृति लिऔं।

"बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*